# भाषा आयोग

(नेपालको संविधानको धारा २८७ अनुसार गठित)
शङ्खमूल, काठमाडौं

## भाषालोक
(अनुसन्धानमूलक पत्रिका)
२०८२

भाषा आयोगले गत वर्षझैं यस आ.व. २०८२/०८३ मा भाषालोक (अनुसन्धानमूलक पत्रिका) शीर्षकको प्राज्ञिक प्रकाशन गर्ने कार्यक्रम रहेकाले सम्बन्धित विज्ञ, विद्वान्, अध्येता, अनुसन्धानकर्ता लेखकहरूबाट देहायबमोजिमका आधारमा लेख रचना उपलब्ध गराउन अनुरोध छ।

१. लेख रचनाका शर्तहरू देहायबमोजिम हुनेछन् :

क) लेखक परिचय (१५० शब्दमा) र लेखकको पासपोर्ट साइजको फोटो ।

ख) लेख रचना २५०० देखि बढीमा ३५०० शब्द सम्मको हुनुपर्नेछ।

ग) लेख रचना देवनागरी लिपिका लागि Kalimati Font Size १२ मा र अङ्ग्रेजी भाषामा New Times Roman Font Size 12 मा तथा अन्य मातृभाषाका लिपिहरूको हकमा सोही साइज अनुसार हुनेगरी पठाउनुपर्नेछ।

घ) लेखकले आफ्नो लेख रचनामा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने कुराहरू:

- आलेख सार (शब्दकुञ्जी समेत १५० देखि २०० शब्दमा)
- परिचय
- मुख्य विषयवस्तु
- निष्कर्ष
- सन्दर्भ सामग्री

ङ) सन्दर्भ सूची तथा उद्धरण APA 7th edition Format मा हुनुपर्ने।

च) आग्रह/पूर्वाग्रह रहित प्राज्ञिक लेख हुनुपर्ने।

छ) लेख/रचना पठाउँदा Soft/Digital Copy (Hard Copy सहित) इ-मेल गरिएको हुनुपर्दछ।

ज) लेख अन्यत्र प्रकाशित नभएको हुनुपर्ने।

झ) लेख रचना स्वीकृत/प्रकाशन गर्ने नगर्ने, काँटछाँट गर्ने सम्पूर्ण अधिकार भाषा आयोगको सम्पादक मण्डलमा रहनेछ।

ञ) आयोगमा प्राप्त लेख/रचना प्राथमिकताका आधारमा प्रकाशन गरिनेछ। यस भाषालोक अनुसन्धानमूलक पत्रिका)) मा प्रकाशित लेख/रचना आयोग लाई जानकारी नदिई अन्य पत्र-पत्रिकामा प्रकाशन गर्न पाइने छैन।

ट) लेख रचना पठाउन भाषा आयोग शङ्खमूल, काठमाडौंको फोन नं. ०१-५२४२२३३/५२४२०४६/५२४२२३१ मा सम्पर्क गरी वा इमेल ठेगाना language.commission2016@gmail.com मा पठाउन सकिनेछ।

ठ) अन्यत्र प्रकाशित भैसकेका लेख/रचना प्रकाशन गरिने छैन।

ड) प्रकाशित लेखबापत तोकिएबमोजिम पारिश्रमिक उपलब्ध गराइनेछ।

ढ) NEPJOL मा सूचीकृत गरिने हुँदा Peer review हुनेछ ।

२. समय तालिका

क) लेख रचना प्राप्त गर्ने समयसीमा: २०८२ मंसिरको पहिलो हप्तासम्म। म्यादभित्र नआएका लेख रचना प्रकाशन गरिने छैन ।

ख) पुनरावलोकन, सम्पादन र लेख स्वीकृत मिति: २०८२ मंसिर मसान्तदेखि पुषको पहिलो हप्तासम्म।

ग) लेख स्वीकृत हुने मिति: २०८२ पुष मसान्तभित्र।

घ) भाषालोक (अनुसन्धानमूलक पत्रिका) प्रकाशन: २०८२ माघ मसान्तसम्म।

*(नोट: लेखका लागि विषयक्षेत्र आयोगको वेबसाइट https://languagecommission.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।)*

CamScanner

भाषालोक

(अनुसन्धानमूलक पत्रिका)

२०८२

मुख्य विषय क्षेत्रहरू: (यस अन्तर्गत विभिन्न शीर्षकमा लेख तयार पार्न सकिने)

१) सरकारी कामकाजको भाषा
- सङ्घ तथा प्रदेशमा सरकारी कामकाजको भाषा प्रयोगका कार्यदिशा
- सरकारी कामकाजको भाषामा लिपि र प्रविधि उपयोग
- भाषिक सङ्घीयता र कानुनी प्रबन्ध
- सञ्चारमा भाषिक प्रयोगको अवस्था
- नेपालमा साङ्केतिक भाषाको प्रयोग
- भाषिक औपनिवेशिकरणको प्रभाव
- नेपालको भाषा नीति र योजना
- भाषिक जनशक्ति, योजना र विकास
- भाषिक सक्षमता, प्रमाणीकरण उपयोग
- अन्तराष्ट्रिय आदिवासी भाषा दशक (२०२२-२०३२) को समीक्षा

२) भाषाको संरक्षण तथा संवर्धन
- नेपालमा भाषिक संरक्षण, पुस्तान्तरण र अपसरण
- Language revitalization with machine translation/यान्त्रिक अनुवादसँगै भाषाको पुनर्जीवन
- भाषिक पक्षहरूमा अध्ययन (भाषाविज्ञान, ध्वनिविज्ञान, वर्णविज्ञान, लेखन पद्वति, समाज भाषाविज्ञान, व्याकरणिक कोटिहरु, भाषिक इतिहास, ऐतिहासिक भाषा विज्ञान आदि)
- भाषिक वफादारिता/अपसरणको स्थिति
- Translanguaging possibilities in the Nepalese Context/नेपाली सन्दर्भमा भाषान्तरणका सम्भावनाहरू

३) मातृभाषामा शिक्षा
- विश्व परिवेशमा मातृभाषा शिक्षाको अभ्यास
- विद्यालय शिक्षामा मातृभाषा शिक्षाको अभ्यास र अनुभव
- नेपालमा दोस्रो र विदेशी भाषा सिकाइ
- मातृभाषा शिक्षा (दोस्रो भाषाको रूपमा नेपाली भाषा शिक्षण)
- विद्यालयमा स्थानीय पाठयक्रम (मातृभाषा) पठनपाठनको अवस्था
- भाषा शिक्षामा लगानीको अवस्था

४) भाषिक अध्ययन, अनुसन्धान
- नेपालको भाषिक सर्वेक्षण/सिंहावलोकन
- विश्वविद्यालयहरूमा भाषिक अनुसन्धानको स्थिति

५) भाषा, सूचना र प्रविधि
- अन्तर्भाषिक पद्वति निर्माणका लागि यान्त्रिकीकरण प्रयोग
- लोपोन्मुख भाषाका प्रोफाइल (विभिन्न भाषाहरु)

६) अन्तर्राष्ट्रिय सन्दर्भ
- स्थान नामकरणमा रैथाने भाषाको प्रयोग
- अन्तर्सिमामा बोलिने भाषाहरूको अध्ययन सन्दर्भ
- दक्षिण एसियामा भाषिक पहिचान र व्यवस्थापन

७) भाषासम्बन्धी समसामयिक विषयहरू

CamScanner